म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ११३ २०८१ फागुन २८ गते बुधबार 12 March 2025, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




### हेटौंडा अस्पतालमा मुटु स्वास्थ्य सेवा सुरु

# नागरिकलाई गुणस्तरीय सेवा दिन सरकार प्रतिवद्ध छः मुख्यमन्त्री लामा

**आगामी वर्षबाट प्रतिष्ठानमा एमबीबीएस कार्यक्रमका संचालनका लागि ७५ प्रतिशत बजेट सुनिश्चित गर्नुपर्ने भएकाले सरकारले उपयुक्त निर्णय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले अनुसन्धानमा आधारित कार्यक्रमका लागि प्रतिष्ठान तयार र हेकाले सरकारले उपयुक्त वातावरण तयार पार्न आग्रह गर्नुभयो।**



*हेटौंडा अस्पतालमा कार्डियो सेन्टर उद्घाटनपछि स्वास्थ्य जाँच गराउनु हुँदै मुख्यमन्त्री बहादुर सिंह लामा।*

**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले नागरिक लक्षित गुणस्तरीय सेवा प्रवाह गर्न सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ। मुख्यमन्त्री लामाले प्रदेश सरकारले हेटौँडा अस्पतालसहित प्रदेशका १३ अस्पतालको सेवालाई गुणस्तरीय बनाउन प्राविधि तथा जनशक्तिको व्यवस्थापनमा काम गरिरहेको बताउनुभएको छ।

मंगलबार हेटौंडा अस्पतालमा मुटु स्वास्थ्य सेवा शुभारम्भ गर्नुहुँदै मुख्यमन्त्री लामाले स्वास्थ्य सेवालाई सहज र गुणस्तर वृद्धिमा सरकारले लगानी बढाएको बताउनुभयो। विगतको तुलनामा प्रदेशको स्वास्थ्य सेवामा क्रमिक रुपमा सुधार भइरहेको उहाँको भनाई छ। उहाँका अनुसार हेटौँडा अस्पतालमा कार्डियो सेवा तथा क्याथ ल्यावको दीर्घकालीन संचालनका लागि उपकरण र दक्ष जनशक्ति व्यवस्थापनको काममा सरकारले प्रतिवद्ध रहेको छ। हाल देशमा मुटु रोग सम्बन्धी समस्याको दर उच्च हुँदै गएकाले प्रदेश सरकारले त्यसतर्फ गम्भिर र सतर्क रहेको उहाँले जीकिर गर्नुभयो।

स्वस्थ्य सेवालाई राजनीतिकरण गर्न बन्द गर्नुपर्ने मुख्यमन्त्री लामाले आग्रह गर्नुभयो। राजनीतिक नेतृत्वको सुझाव र समन्वयमा आम नागरिकहरुमा स्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन जरुरी रहेको उहाँले स्पष्ट पार्नुभयो। कार्यक्रममा प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा मगरले प्रदेशको स्वास्थ्य सेवा गुणस्तरीय बनाउन आफू लागी परेको बताउनुभयो। विभिन्न संघ संस्थासँगको समन्वयमा प्रादेशिक अस्पतालको सेवा विस्तार तथा व्यवस्थापनमा मन्त्रालयले काम गरिरहेको उहाँले बताउनुभयो। हेटौंडा अस्पतालमा कार्डियो सेवाको दिर्घकालिन संचालन तथा क्याथ ल्याव संचालनका लागि दातृ संस्थासँग साझेदारी गर्न आफू प्रतिवद्ध रहेको उहाँको भनाई छ।

'स्वास्थ्य सेवा विस्तार र प्रभावकारितामा सरकारले लगानी गरिरहेको छ। प्रदेशकै ठूलो अस्पतालको रुपमा हेटौंडा अस्पताललाई विकास गर्न उपकरण तथा दक्ष जनशक्ति व्यवस्थापन भइररहेको छ', मन्त्री थापाले भन्नुभयो, 'प्रदेशका नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन टेलिमेडिसिन मार्फत सेवा प्रदानको काम थालिएको छ। प्रदेशमा २ वटा ट्रमा सेन्टर संचालनको योजना अनुसार काम भइरहेको छ भने स्थानीय तहका स्वास्थ्य संस्थाको सेवा प्रवाहमा प्रदेश सरकारले समन्वय र व्यवस्थापनको काम थालिएको छ।'

कार्यक्रमको अध्यक्षता गर्नुभएका मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. प्रदिप ज्ञवाली प्रादेशिक अस्पतालको सेवा विस्तारसँगै निरन्तरता महत्वपूर्ण हुने बताउनुभयो। सेवा विस्तारमा आएका छात्रवृत्तिका विशेषज्ञ डाक्टरलाई अस्पतालमा २ वर्ष टिकाउनु पर्ने अवस्था रहेको उहाँले बताउनुभयो। उहाँका अनुसार नीतिगत रुपमा प्रतिष्ठानमा संकाय निर्माण गरेर डाक्टरको दरवन्दी कायम गरिनेछ। हेटौंडा अस्पतालमा कार्डियो सेवासँगै क्याथ ल्याव निर्माणको तयारीमा प्रतिष्ठानले काम अघि बढाउने उहाँले जानकारी दिनुभयो। अस्पताल र प्रतिष्ठानको विवाद समाधान गर्न तलव, प्रशासनिक कार्य एकद्वार बनाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। आगामी वर्षबाट प्रतिष्ठानमा एमबीबीएस कार्यक्रमका संचालनका लागि ७५ प्रतिशत बजेट सुनिश्चित गर्नुपर्ने भएकाले सरकारले उपयुक्त निर्णय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले अनुसन्धानमा आधारित कार्यक्रमका लागि प्रतिष्ठान तयार रहेकाले सरकारले उपयुक्त वातावरण तयार पार्न आग्रह गर्नुभयो।

हेटौँडा अस्पतालमा तत्कालका लागि बहिरंग सेवा मार्फत् मुटु स्वास्थ्य सेवाको थालनी गरिएको हेटौँडा अस्पतालका निमित्त मेडिकल सुपेरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार अस्पतालमा हाललाई सामान्य उपचार सेवा थालनी गरिएको उहाँले बताउनुभयो। टिचिङ अस्पतालमा छात्रवृत्तिमा अध्ययन गरेका मुटु स्वास्थ्य विशेषज्ञ डा. विकेश श्रेष्ठलाई सेवाका लागि हेटौंडा अस्पताल खटाएसँगै हेटौँडा अस्पतालमा सेवाको विस्तार गरिएको मेसु डा. सापकोटा बताउनुभयो। रोटरी क्लब अफ मकवानपुरले उपलब्ध गराएको १ करोड बराबरको उपकरण प्रयोगमा ल्याएर सेवा थालनी गरिएको उहाँले जानकारी दिनुभयो। अस्पतालमा उपकरण संचालनको लागि विशेषज्ञ डा. नहुँदा उक्त उपकरणहरु विगत डेढ वर्षदेखि थन्किएर रहेको थियो।

मुटु स्वास्थ्य विशेषज्ञ डा. श्रेष्ठका अनुसार हाल बहिरंग सेवा मार्फत् मुटु सम्बन्धी हल्टर, टिएमटी, इको, इसिजी लगायतका परीक्षण हुनेछ। मुटु सम्बन्धी थप परीक्षण तथा शल्यक्रियाका लागि अन्य उपकरण र जनशक्ति आवश्यक रहने भएकाले सोको व्यवस्थापन गर्न जरुरी रहेको उहाँले स्पष्ट पार्नुभयो। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका र जिष्ट्रार एवम् हेटौँडा अस्पताल संचालन तथा व्यवस्थापन समितका अध्यक्ष भीमसागर गुरागाईले दैनिक ५०० बढी जनशक्ति मार्फत् हेटौंडा अस्पतालमा विभिन्न सेवामा १ हजार ५ सय जना विरामीलाई सेवा प्रदान गरिरहेको जानकारी गराउनुभयो। उहाँले हेटौँडा अस्पतालको सेवा प्रवाहमा गुणस्तरसँगै विशेषज्ञ डाक्टरको सेवालाई थप विस्तारमा जोड दिएको बताउनुभयो।

प्रतिष्ठान र अस्पतालले सीमित स्रोत र साधन मार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने काम भइरहेको उहाँले बताउनुभयो। रजिष्ट्रार गुरागाईका अनुसार अस्पतालमा विशेषज्ञ सेवा थप गर्ने र क्याथ ल्याव सेवालाई नयाँ भवन मार्फत सुरु गर्ने तयारी भइरहेको छ। पिजि प्रोग्राम संचालन गरी सो मार्फत ८ जना चिकित्सकलाई सेवामा खटाउने तयारी रहेको उहाँले जानकारी दिनुभयो। 'हेटौंडा अस्पताल विगतको तुलनमा निकै परिवर्तन भएको देखिन्छ। यद्यपी केही व्यवहारिक र प्राविधिक सुधारका काम गर्न बाँकी छ', रजिष्ट्रार गुरागाईले भन्नुभयो, 'प्रादेशिक अस्पताल तर्फको ३०० र प्रतिष्ठानको २०० शैय्यामा हेटौंडा अस्पताल संचालन गर्ने तयारी अनुसार प्रतिष्ठान अघि बढेको छ। अस्पताल र प्रतिष्ठानको तिक्तता र विवाद समाधान गर्न विभिन्न छलफल र बहसका काम भइरहेको छ। ऐन संशोधन गरेर विवाद व्यवस्थापन गर्ने काम प्रतिष्ठान र मन्त्रालय मार्फत् भइरहेको छ।'

### स्ववियु निर्वाचन-२०८१

# अध्यक्षमा मकवानपुर क्याम्पसमा ४ जना, हेटौँडा क्याम्पसमा ३ जनाको उम्मेद्वारी दर्ता

**समाज संवाददाता**

स्ववियु निर्वाचन-२०८१

हेटौँडा : चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा अध्यक्ष पदका लागि ४ जनाको उम्मेदवारी परेको छ। प्रमुख ३ संगठन अनेरास्ववियु, नेपाल विद्यार्थी संघ र अखिल क्रान्तिकारीसँगै एकजना स्वतन्त्र उम्मेद्वारले उम्मेद्वारी दर्ता गरेका छन्।

मंगलबार उम्मेद्वारी दर्ताको कार्यतालिकाअनुसार अनेरास्ववियुबाट प्रशिद्ध रेग्मी, नेपाल विद्यार्थी संघबाट सागर घिमिरे, अखिल क्रान्तिकारीबाट छोइसाङ लामा र पुष्कर घिमिरेले स्वतन्त्र उम्मेद्वारी दर्ता गराएका छन्। छोइसाङ वर्तमान स्ववियु अध्यक्ष समेत हुनुहुन्छ। सचिवमा अनेरास्ववियुबाट जस्प्रिता अधिकारी, नेपाल विद्यार्थी संघबाट उत्सव ढुंगाना र अखिल क्रान्तिकारीबाट दिपेश कार्कीको उम्मेद्वारी दर्ता भएको छ। कोषाध्यक्षमा अनेरास्ववियुबाट निर्दोष लुइँटेल, नेपाल विद्यार्थी संघबाट मनिषा घिमिरे र अखिल क्रान्तिकारीबाट अमन रायको उम्मेद्वारी परेको छ। स्नातक र स्नात्तकोत्तर तहको पठनपाठन हुने मकवानपुर बहुमुखी क्याम्पसमा २ हजार ६ सय ९८ जना मतदाता विद्यार्थी छन्।

स्ववियु निर्वाचनमा हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसमा स्ववियु अध्यक्ष पदका लागि अभि मैनाली, दीपक वाईबा र युवराज विकको उम्मेद्वारी दर्ता भएको छ। मैनाली अनेरास्ववियु, वाईबा अखिल क्रान्तिकारी र विक नेविसंघबाट उम्मेद्वार बनेका हुन्।

तीन वटै संगठनले प्यानलै उम्मेदवारी दिएको छ। मैनाली वर्तमान स्ववियुका अध्यक्ष समेत हुनुहुन्छ। मैनालीको प्यानलमा सचिवमा गणेश तिमल्सिना र कोषाध्यक्षमा रञ्जिता फूयाँल रहनुभएको छ भने वाईबाको प्यानलमा सचिवमा इश्वर ढुंगेल र कोषाध्यक्षमा प्राश्ना दोङको उम्मेद्वारी दर्ता भएको छ। यस्तै विकको प्यानलमा सचिवमा रानी विक र कोषाध्यक्षमा सुरज बोलखेको उम्मेदवारी परेको छ।

हेटौँडा क्याम्पसमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र ५ जना सदस्य प्रत्यक्ष निर्वाचित हुनेछ भने ७ जना समानुपातिक सूचिबाट निर्वाचित हुनेछन्। स्नातक तहमा वाणिज्य, मानविकी र शिक्षाशाास्त्र संकायमा पठनपाठन हुने हेटौँडा क्याम्पसमा स्नात्तकोत्तर तहमा शिक्षाशास्त्र संकायमा पठनपाठन हुने गरेको छ। स्ववियु निर्वाचनमा ६ सय ८५ जना मतदाता रहेको हेटौँडा क्याम्पसका सहायक क्याम्पस प्रमुख एवम् निर्वाचन समितिका सदस्य सचिव मनोज पोखरेलले जानकारी दिनुभएको छ।

### मनहरी क्याम्पसमा सर्वसम्मत नयाँ स्ववियु गठन

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिकास्थित मनहरी बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन प्रक्रियाअन्तर्गत सर्वसम्मत नयाँ समिति चयन हुने भएको छ। ४ वटा विद्यार्थी संगठनबीच सहमतिका आधारमा सर्वसम्मत नयाँ समिति चयन हुने अवस्था आएको हो।

स्ववियु निर्वाचन अन्तर्गत मंगलबार उम्मेद्वारी दर्ताको कार्यक्रम रहेको थियो। स्ववियु अध्यक्षमा नेकपा एकीकृत समाजवादी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्ववियू) बाट कुमार घिसिङको मात्रै उम्मेदवारी परेको छ। घिसिङ यसअघि पनि अध्यक्ष हुनुहुन्थ्यो। सचिवमा नेपाली काँग्रेस निकट नेपाल विद्यार्थी संघका अविक दाहाल, कोषाध्यक्षमा नेकपा माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीका पासाङ मुक्तानको उम्मेदवारी परेको छ।

प्रत्यक्ष निर्वाचन प्रणालीमा ३ जना सदस्यका लागि सदस्यमा नेपाल विद्यार्थी संघका विष्णु कामी, अखिल क्रान्तिकारीका गुणराज स्याङ्बो, नेकपा एमाले निकट अनेरास्ववियुकी शितल लामाको मात्रै उम्मेदवारी परेको छ। यस्तै समानुपातिकतर्फ ५ जना सदस्यका लागि नेपाल विद्यार्थी संघका उमेश तामाङ, अखिल क्रान्तिकारीकी शान्तिमाया थिङ, अनेरास्ववियूका उत्सव रिजाल, अनेरास्ववियुका सीता सापकोटा र सुजिना पाख्रिनको उम्मेदवारी दर्ता भएको निर्वाचित समितिका संयोजक जयराम अर्यालले जानकारी दिनुभएको छ। आवश्यक पद संख्याअनुसार नै उम्मेदवारी परेसँगै सर्वसम्मत नयाँ समिति चयन हुने निश्चित भएको हो।

मनहरी बहुमुखी क्याम्पसमा ८० जना विद्यार्थी अध्ययनरत रहे पनि स्ववियु निर्वाचनमा भने ५५ जना मात्रै मतदाताको रुपमा रहेको क्याम्पस प्रमुख गोविन्द बर्तौलाले जानकारी दिनुभयो। त्रिभूवन विश्वविद्यालयसँग सम्बन्धन लिएर सञ्चालित मनहरी बहुमुखी क्याम्पसमा स्नातक तहमा वाणिज्य संकाय अन्तर्गत बीबीएस र मानविकी संकायमा पठनपाठन भइरहेको छ।

# सूर्तीजन्य पदार्थ निषेधित क्षेत्रमा प्रशासनले कडाइ गर्ने

**समाज संवाददाता**

हेटौँडा : जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूर्तीजन्य पदार्थ निषेधित क्षेत्रमा कडाइ गर्ने भएको छ। मंगलबार जिल्ला प्रशासन कार्यालय मकवानपुरले एक सूचना जारी गर्दै सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमित गर्ने ऐन-२०६८ मा भएको व्यवस्थाअनुसार शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको सार्वजनिकस्थलबाट कम्तिमा एक सय मिटरभित्र घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाइने छैन।

प्रशासन कार्यालयले जरुरी सूचना जारी गर्दै अनुगमन समेत गर्ने जनाएको छ। अनुगमनका क्रममा व्यवस्था उल्लघंन भएको पाइए कानून बमोजिम कारवाही गरिने स्पष्ट पारेको छ। पछिल्लो समय विद्यार्थी धुम्रपान तथा लागूऔषध दूर्व्यसनमा संलग्न भएको पाइएपछि स्थानीय प्रशासनले कडाई गर्ने प्रयास गरेको हो। सूचना जारी गरेलगत्तै अनुगमन जाने बताइएको छ।

# विकास निर्माणको अनुगमन गर्न कानुन बनाउने बागमती सरकारको निर्णय

**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेश सरकारले प्रदेशमा भएका विकास निर्माणको कामलाई अनुगमन तथा नियमनका लागि कानुन निर्माण प्रक्रिया अघि बढाउने भएको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशको विकास निर्माणको कामको अनुगमन तथा नियमन र मूल्यांकनका लागि कानुन निर्माणका लागि सहमति दिएको हो।

बैकठले प्रदेश अनुगमन तथा मूल्यांकन सम्बन्धी विधेयकको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति दिएको प्रदेशका खानेपानी उर्जा तथा सिंचाई मन्त्री श्याम खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेशको भौतिक पूर्वाधार तथा सामाजिक विकासको अनुगमन तथा मूल्यांकन नहुँदा समस्या हुँदै आएकाले सो समस्यालाई हल गर्न कानुन निर्माणको तयारी गरिएको हो।

बैठकले जग्गा उपभोग सम्बन्धमा भक्तपुरमा रहेको ७ रोपनी ७ आना जग्गा यातायात कार्यालयको प्रयोजनका लागि उपलब्ध गराउने निर्णय गरेको छ। बैठकले भक्तपुर नखेल-१ को नेपाल सरकारको नाममा दर्ता रहेको १० रोपनी मध्ये ५ रोपनी जनस्वास्थ्य प्रयोगशाला काभ्रेका कार्यालय भवन निर्माणका लागि उपलब्ध गराउने निर्णय गरेको मन्त्री खड्काले बताउनुभयो।

त्यस्तै भक्तपुरको सूर्यविनायक नगरपालिका-७ को नेपाल सरकारको नाममा दर्ता कायम रहेको १२ रोपनी मध्ये ७ रोपनी जग्गा प्रशासनिक कार्य संचालनका लागि भौतिक पूर्वाधार निर्माण गर्ने गरी यातायात कार्यालयलाई उपलब्ध गराउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो। बैठकले स्थानीय तहको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८१ लाई स्वीकृत गरेको छ भने चेपाङ चिउरी चमेरो संरक्षण कार्यक्रम निर्देशिका संशोधन गर्ने निर्णय गरेको छ।

# ‘साने अरुलाई सम्मान गर्न सिक्छ’

**(पुस्तक परिचर्चा)**



**एनी ब्लोन**

*सधैंभरी अरुलाई गर्नुपर्छ सम्मान*
*गर्नु पनि हो, एउटा असल काम*
*आमाबुबा गुरु शिक्षक साथी भाइलाई पनि*
*आजैदेखि बसालौं है सम्मान गर्ने बानी*
*सानाठुला सबैलाई गर्छु म त सम्मान*
*सम्मान गर्नी बानीले नै कमाइन्छ है इमान ।*

मेरो नाम एनी ब्लोन हो । म हेटौंडा-४ स्थित रोज एकेडेमीमा अध्ययनरत छात्रा हुँ । केही अगाडि मैले ‘साने अरुलाई सम्मान गर्न सिक्छ’ भन्ने पुस्तक पढेकी थिएँ। यो पुस्तक एजुकेशनल पब्लिकेशन हाउसबाट वि.सं. २००४ सालमा प्रकाशन गरिएको रहेछ । यस पुस्तकभित्र समित श्रेष्ठ ज्युले निकै आकर्षक चित्र बनाउनु भएको छ । यो कथाको पुस्तक हो । यहाँ घर, बाटो, गाउँ, विद्यालय जस्ता परिवेशहरु छन् भने कथामा सरल भाषाशैली भएकोले कथा पढ्न निकै सजिलो छ ।

यस कथामा सबै उसको आमा, हजुरबुबा लगायतका पात्रहरु छन् । जसमध्ये साने एउटा मुख्य पात्र हो । सुरुमा साने एकदमै घमण्डी थियो । एक दिन सानेको हजुरबुबा सानेलाई भेट्न भनेर गाउँबाट आउनुभयो । तर सानेले हजुरबुबालाई वास्तै गर्दैन । उस्ले हजुर बुबासँग कुरा पनि गर्दैन । सानेको त्यो व्यवहारले आमालाई दिक्कै बनाउँछ । हजुरबुबालाई पनि नरमाइलो लाग्छ ।


तर कथामा एउटा जादु हुन्छ। जस्को कारण साने बदलिन्छ । उसले आफ्नो व्यवहार परिवर्तन गर्छ । आफुले गरको गल्तीको पछुतो पनि लाग्छ । त्यसपछि सानो सबैलाई सम्मान गर्न सिक्छ ।

ल भन्नुस् त कथामा के जादु भएछ ? जसको कारण साने बद्लियो । के त्यो जादु हजुरबुबाले गर्नुभएको हो त ? हजुरहरुलाई कथामा भएको जादुको बारेमा थाहा पाउन मन छ भने पुस्तक अवश्य पढ्नुहोला । यो पुस्तक उपलब्ध गराइदिनु भएकोमा मेरो विद्यालयलाई र पुस्तक परिचर्चा गर्न सिकाउनुहुने गुरुआमालाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु। अब म छिट्टै अर्को पुस्तक पढेर यहाँहरुलाई सुनाउँछु ।

*कक्षा-५, रोज एकेडेमी, हेटौंडा-४*

# सानो राजकुमार

**(भाइबहिनीका किताब)**




**लेखक : एन्टोनी डे सन्त एजुपेरे**
**प्रकाशक : पाँच पोखरी प्रकाशन गृह**
**मूल्य : रू. १७५/-**
**उमेर समूह : १० वर्षदेखि १६ वर्ष**

आज भाइबहिनीहरुलाई जानकारी गराउन लागिएको किताब संसारभरि ५ सयभन्दा बढी भाषामा अनुवाद भइसकेको किताब हो । सबैभन्दा पहिले सन् १९४३ मा अंग्रेजी र फ्रेन्च भाषामा छापिएको यो किताब नेपाली भाषामा पनि अनुवाद भएको छ । अंग्रेजीमा भाषामा ‘द लिटिल प्रिन्स’ को रुपमा छापिएको यो किताब संसारभरि दोस्रो सबैभन्दा धेरै भाषामा अनुवाद भएको किताब पनि हो । यो सानो उपन्यासका लेखक फ्रान्सेली सैनिक पाइलट एन्टोनी डे सन्त एजुपेरे हुन् ।

एकपटक एउटा ६ वर्षको बच्चाले अजिङ्गरले हात्तीलाई निल्दै गरेको चित्र बनाउँछ । ठुला मानिसहरुले उसको चित्र मन पराउँदैनन् र उसलाई पढाइमा ध्यान दिन भन्छन् । पछि ऊ पाइलट बन्छ । एकपटक उसको हवाइजहाज मरुभूमिको बीचमा दुर्घटनामा पर्छ । उसँग मुस्किलले एक हप्तालाई मात्र पुग्ने पानी हुन्छ । पहिलो रात उसले बालुवामै सुतेर बिताउँछ । बिहान एकाएक उसलाई एउटा मधुरो आवाजले ब्युँझाउँछ । मान्छेको बस्तीभन्दा हजारौं माइल टाढा कसैले बोलाउँदा ऊ आश्चर्यमा पर्छ । उसको अगाडि एउटा अनौठो बच्चा उभिएको हुन्छ। त्यसपछिका सबै घटना त्यही सानो बच्चा र पाइलटको बीचका सुन्दर प्रसङ्गहरुसँगै अघि बढ्छन् ।

भाइबहिनीहरुलाई एउटा गज्जबको कुरा भनौं है, यो कथाको लेखक एन्टोनीले आफ्नो जीवनको वास्तविक घटनाबाट प्रेरित भएर लेखेका हुन् । सन् १९३५ को डिसेम्बर ३० मा उनी र उनको साथी सवार जहाज सहारा मरुभूमिमा साँच्चै दुर्घटनामा परेको थियो । दुर्घटनाको चौथो दिन मरुभूमिका आदिवासीहरुले फेला पारेर उद्दार गरी उनीहरुको ज्यान बचाएका थिए ।

नेपाली भाषामा पाँचपोखरी प्रकाशन गृहले प्रकाशन गरेको यो किताबको मूल्य १७५ रुपैयाँ रहेको छ । हेटौंडाका भाइबहिनीहरुका लागि भैरबरोडमा रहेको किताबघरमा यो किताब उपलब्ध छ ।

# चित्रकला





**रोजिता मोक्तान**
**कक्षा-३, वनदेवी आधारभूत विद्यालय**
**हेटौंडा-१५**





**शिशिर माझी**
**कक्षा-१०, महेन्द्र मावि, बकैया-४**





**समृद्धि राई**
**कक्षा-५, रेड रोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६**

# विद्यार्थी परिचय



**रितिका छत्कुली**

रितिका हेटौंडा-४ स्थित हेटौंडा स्कुल अफ म्यानेजमेन्टको कक्षा ११ मा विज्ञान संकायको विद्यार्थी हुनुहुन्छ । रितिका २०८० सालको एसईईमा मकवानपुर जिल्लाबाट ४ जिपिए ल्याउने एक मात्र विद्यार्थी पनि हुनुहुन्छ । रितिका १० कक्षासम्म हेटौंडा-२ स्थित बालजागृति इग्लिस सेकेण्डरी स्कुलमा पढ्नु भयो । एसईईमा ४ जिपिएसहित उत्तीर्ण भएकै कारण रितिकाले विभिन्न संघ, संस्थाबाट सम्मान तथा पुरस्कार समेत प्राप्त गर्नुभएको छ ।

रितिकाले राम्रो नतिजा ल्याएकै कारण हाल पूर्ण छात्रवृत्तिका साथ कक्षा-११ मा अध्ययन गरिरहनु भएको छ । रितिकाको घरमा बुबा, आमा, दाइ र हजुरआमा, हजुरबुबा हुनुहुन्छ । रितिका धेरै समय क्याम्पसमै रहने हुँदा घरको काममा सघाउन भ्याउनुहुन्न । तर बिदा भयो अथवा समय मिलेसम्म घरमा आमालाई सघाउने गर्नु हुन्छ । रितिका भविष्यमा डाक्टर बन्ने बताउनुहुन्छ । त्यसैका लागि पनि रितिका हेटौंडा स्कुल अफ म्यानेजमेन्ट पढ्नु भएको हो । किन भने हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा मेडिकलको तयारी कक्षा पढाई हुन्छ । रितिकाको पढाईमा ठूलो सहयोग यसैले पुगेको बताउनुहुन्छ । रितिका धेरै सकारात्मक सोच राख्ने व्यक्ति पनि हो ।

# देशको आँसु, राजाको भार



**श्रीजन अधिकारी**

रोइरहेछ देश यो, आँसुमा निथ्रुक्क,
सपना छरिएको, बस्ती भयो सुनसान ।
न्यायको घाम डुब्दैछ फेरि,
राजा ! के तिमी सुन्दै छौ कहीँ ?

भूमि फाट्दैछ, छाती पोल्दैछ,
जनताको आह पुकार बढ्दैछ ।
हिजोको गौरव, आज खण्डहर,
कसले बचाउने यो देश र नगर ?

उठ, ऐ राजा ! तिम्रो धर्म सम्झ,
सिंहासन अनि आफ्नो कर्म सम्झ ।
आँसु पुछ, सत्य बोल, न्याय देऊ,
देशको घाउमा मलम लाऊ !

उठ राजा उठ, देश र जनता बचाउ,
सूर्य अस्ताय झैं देश अस्ताउँदै छ ।
फेरी एक पटक बिहानीको
नयाँ किरण ल्याउ, राजा आउ देश बचाउ !!

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# दादा



**नितिशा ढकाल**

पढाई सँगसँगै घरको जिम्मेवारी
तिमीले लिएको छौं
आफूलाई साथै हामीलाई पनि
राम्रो भविष्य दिएको छौ ।

बा आमाको सपना बनेर
तिमी अघि बढ्दै छौं
दिनरात नभनेर
संघर्ष तिमी गर्दैछौ ।

हाम्रो इच्छा चाहना
सबै पूरा गर्ने गर्छौ
आफ्नो खुसी नहेरी
घरका लागि अघि सर्ने गर्छौ ।

घरको अवस्था हेरेर
हरेक कदम चाल्छौ
हाम्रो जीवनमा आएका काँडा
तिमीले टिपेर फाल्छौ ।

*कक्षा-७, रेडरोज इंग्लिस बोर्डिङ स्कूल*
*हेटौंडा-१६*

# तिर्खाएको कौवा र मेरो विचार



**पुष्पा थापा**

तिर्खाएको कौवा बालकृष्ण समद्वारा लेखिएको एक प्रसिद्ध नेपाली कथा हो । जसले जीवनका महत्वपूर्ण पाठहरु सिकाउँछ । यस कथामा एक तिर्खाएको कौवा आफ्नो प्यास मेटाउन पानीको खोजी गर्दै एक ठाउँबाट अर्को ठाउँ पुग्छ । जस उसले पानीको स्रोत फेला पार्न सकेन, उसले आफ्नो स्थिति सुधार्न केही चतुर र समझदारीपूर्ण कामहरु उठाउँछ ।

कथामा कौवाले एक पात्रको रुपमा संघर्ष र धैर्यको महत्वलाई प्रतिक बनाउँछ। जब उसले थाहा पाउँछ कि पानीको स्रोत नजिकै छैन उसले पक्की रुपमा एक तरिका अपनाउँछ, ढुंगामा ससाना पिठोका टुक्राहरु राख्न थाल्छ । ताकि पानी माथि माथिसँग भरिन सकोस् । यसरी कौवाले आफ्नो सोच र क्रियाकलापबाट आफ्नो प्यास मेटाउँछ ।

यो कथा विशेषगरी बालबालिकाका लागि उपयुक्त छ । जसले यसबाट संघर्ष, धैर्य र सृजनात्मक सोचको महत्व बुझ्न सक्छन् । यसले जीवनमा समस्याहरुको सामना गर्दा हार नमान्ने र चतुऱ्याइँका साथ समस्या समाधान खोज्न सन्देश दिन्छ । यसका साथै यो कथा पाठकलाई प्रेरित गर्छ कि चाहे समस्या जस्तो भए पनि हामीले सही सोँच र प्रयासको माध्यमबाट समाधानको बाटो फेला पार्न सक्छौं । तिर्खाएको कौवा एक प्रेरणादायक कथा हो । जसले जीवनमा आइपर्ने साना र ठूला चुनौतिहरुको सामना गर्ने तरिका सिकाउँछ ।

*कक्षा-६, कमाने एकेडेमी, हेटौंडा-८*

# जीवनको बाटो



✍प्रशंसा गोले

जीवन एउटा यात्रा हो, अगाडि बढ्नुपर्छ
सुख-दु:खका घामछायाँ सबै सहनुपर्छ
हाँस्दै रुँदै हिँड्नुपर्छ, आसु लुकाएर
नयाँ सपना सजाउनुपर्छ, मन बुझाएर ।


बादलले घेर्यो भने, घाम झुल्किन्छ फेरि
अन्धकारको छेउमै, उज्यालो भेटिन्छ घरघरी
सहनशील मनले नै, विजय पाइन्छ यहाँ
धैर्यको साथमा नै सफल हुन्छ सपना यहाँ ।

आँधीले त छेक्न नसकेको बाटो, साहसले डोऱ्याउँछ ।
मन भित्रको जोशलाई, कसैले हराउन सक्दैन
साना साना पाइला अघि राख्दै, लक्ष्यमा पुग्नुपर्छ
आफ्नो आत्मशक्तिमा, अटल भएर बाँच्नुपर्छ ।

सँगालौ नयाँ आशा, अघि बढौं निरन्तर
संसारलाई जित्ने छ, हाम्रो साहसले
प्रयत्न गर्न कहिल्यै नछोडौं, धैर्यता राखौं
सफलताको दीप जलाऔं, अध्यारोलाई खोसौं ।

*कक्षा-४, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# गजल



✍विराज दोङ

लाग्यो गर्व म आफैंलाई नेपाली हो भनेर
देश बेचेर नेता उता बसिराछन् पैसा गनेर ।

नेपालीको ईज्जतमाथि कालो दाग लगायो नेताले
देशका सारा युवालाई खाडी मुलुकमा भगायो नेताले ।

भ्रष्टाचारी नेता होइन अब राजा चाहियो हाम्रो देशमा
यहि नेताले इज्जत फाल्यो दाग लगायो हाम्रो भेषमा ।

जतातत्तै फैलिएको भ्रष्टाचारको जरा काट्नुपर्छ
राम्रो नेतालाई रोजौं अब खराब नेतालाई फाँड्नुपर्छ ।

हिँडिराख्यो आजसम्म देशको विकास खोज्नलाई
खोइ त अघि सऱ्या जनताहरु असल नेता रोज्नलाई ।

भ्रष्टाचारी नेतालाई हटाउ जनता असल नेतालाई रोजौं अब
घुस लिन दिन छोडौं जनता देशको विकास खोजौं अब ।

*कक्षा-११, महेन्द्र मावि, बकैया-४*

# गजल



✍रुपेश यादव

म एक किताब हुँ, कहिले थाक्दिन म,
ज्ञानको उज्यालो, कहिले ढाक्दिन म

सत्यको खोजीमा, म सधैं अडिग,
झूटको अन्धकार, कहिले सक्दिन म

कल्पनासँग उड्छु, भविष्य लेख्छु,
इतिहास भुलाउन, कहिले सोँच्दिन म

भ्रष्टाचार हटाउँछु, चेतना दिन्छु,
न्यायको बाटो, कहिले छोड्दिन म

संस्कृति परम्परा मेरो पहिचान,
राष्ट्रको गौरव, कहिले झार्दिन म

ज्ञानको खजानामा मति जगाउँछु,
मनको अन्धकार कहिले पार्दिन म

समाजलाई बदल्न शब्द बोकेर
अन्यायको पर्खाल कहिले सार्दिन म

बालकका सपना युवाको जोश
हाम्रो भविष्य कहिले हार्दिन म

*कक्षा-११ (सिभिल), भूटनदेवी मावि*
*हेटौंडा-४*

# बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक**


## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९४/०९/२६

स्वर्गारोहण
२०८१/११/१९

**स्व. टीकामाया न्यौपाने**

मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्य राजकुमार न्यौपानेका ममतामयी आमा **टीकामाया न्यौपाने**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रमोद सिंह रानाभाट, अध्यक्ष**
**एवम् मकवानपुर उद्योग वाणिज्य संघ परिवार**
**हेटौंडा, मकवानपुर**


# खुकुरी



✍अशांक राज धिमिरे

खुकुरी एउटा हतियार
हाम्रो राष्ट्रिय पहिचान
राख्नुपर्छ यसको मान
यो हो नेपालको शान ।

वीर गोर्खालीको हातमा
खुकुरी हुन्छ साथमा
शत्रुको सामुन्ने खडा भई
शिर ठाडो राख्छ रणमा ।

*कक्षा-२, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# आमा



✍ब्रिन्जु यादव

सदाझै निस्वार्थी रहेकी छिन् मेरी आमा
बिना छलकपट कदम-कदममा दिएकी छिन् साथ
चाहन्छु सधैं रहोस् उनको आशीष मेरो माथ

महिमा तिम्रो सधैं नै अपार
चाहन्छौ तिमी जीवन मेरो भएको सपाट
लुकाई पीडा आमाले हेर छर्दछिन् ममता

सिकाएकी छिन् मलाई सधैं असल बानी व्यवहार
छिन् एक्दमै सहनशील र गर्छिन् सबैको सम्मान
कसरी भूल्न सक्छु र आमाले सिकाएको ज्ञान
कसरी भूल्न सक्छु र आमाले देखाएको संसार

गर्भमा राखी हुर्कायौ तिमीले बनायौ असल
चाहन्छौ तिमी जीवन मेरो भएको कुशल
हातमा मेरो साथ छ तिम्रो बनायौ अटल
बनायौ मेरो जीवन तिमीले सुन्दर सफल

सिकायौ हिँड्न, बोल्न र पढ्न
रहनेछौ मेरा लागि भगवान स्वरूप सदैव
गरेकी छौ निरन्तर परिश्रम र मिहिनेत

हरेक कुरा कुरामा सुझाव दिने गर्छिन्
झर्छन् मेरा आँखाबाट दुखीको आँसु
देखेकी छु प्राय:को घरमा गरेको
आमाकै अपमान र आत्याचार

*कक्षा-१०, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# नेपालको पीडा



✍अर्चना ठाडा मगर

कस्ता कस्ता ठूला युद्ध लडी नेपाली यहाँसम्म आएँ
यिनै नेपालीका करणले आजसम्म यो नेपाल देख्न पाएँ
युद्ध गर्नलाई बन्दुक होइन परे ढुङ्गा र मुडामा भर
मनमा देशको माया राखी छुट्मा लडे नमानी डर ।

साथीहरु म त भन्छु राणा शासनलाई भ्रष्टाचार
यिनै राणाले गर्दा नेपालीले सहनु पऱ्यो अन्याय अनि अत्याचार
भन्ने गर्छ मृत्यु हुन काल आउनु पर्छ
काललै होइन राणा शासनमै पऱ्यो नेपालीले मर्न

धेरैले भन्ने गर्छन् राम्रो छ रे त्यो विदेश
थाहा छैन तिनलाई यिनै नेपालीले गर्दा बनेको हो परदेश
नेपाल बचाउनलाई युद्धमा धेरै सत्रुलाई मारे अनि कति मरे
यिनै नेपालीले गर्दा यो नेपाल आजसम्म अघि सरे ।

नेपालीलाई जतिसुकै पीडा भएपनि अघि बढ्छन् ।
जस्तोसुकै कठिन परिस्थिति आए पनि अघि सर्छन्
आफ्नो परिवार र सन्तान त्यागी जाँदो रैछ अरुको देशमा
खै कुन्नि नेपालीको मन तानिने के रैछ त्यो परदेशमा ।

*कक्षा-७, बालज्योति मावि, हेटौंडा-५*


सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं



## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९४/०९/२६

स्वर्गारोहण
२०८१/११/१९

**स्व. टीकामाया न्यौपाने**

मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्य, यस संघका पूर्व सल्लाहकार आदरणीय राजकुमार न्यौपाने र बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका अध्यक्ष रामहरि न्यौपानेका ममतामयी आमा **टीकामाया न्यौपाने**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अमित श्रेष्ठ, अध्यक्ष**
**एवम् अधिकृत विक्रेता संघ मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**

# ध्वनि प्रदुषण गर्ने मोटरसाइकल प्रहरीको नियन्त्रणमा



सोमबार प्रहरीले नियन्त्रणमा लिएका मोटरसाइकलहरु।

समाज संवाददाता

हेटौंडा : मोटरसाइकलको साइलेन्सर बिगारेर ठूलो आवाज निकाली ध्वनि प्रदुषण गर्ने मोटरसाइकलहरुलाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । वडा प्रहरी कार्यालयको सक्रियतामा सोमबार हेटौँडा-४ बाट ६ वटा मोटरसाइकल नियन्त्रणमा लिइएको वडा प्रहरी प्रमुख प्रहरी निरीक्षक प्रज्वल थपलियाले जानकारी दिनुभयो ।

प्रहरीले ध्वनि प्रदुषणसँगै मोटरसाइकलको वास्तविक स्वरुपमा परिवर्तन गरी चलाउने मोटरसाइकललाई पनि नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले नियन्त्रणमा लिएको मोटरसाइकलहरु कारवाहीका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरमा पठाइएको प्रहरी निरीक्षक थपलियाले बताउनुभएको छ । ध्वनि प्रदुषण भएको भनी बारम्बार गुनासो आएपछि प्रहरीले विशेष अभियान नै सुरु गरेको र यसलाई निरन्तरता दिइने प्रहरी निरीक्षक थपलियाले बताउनुभएको छ ।

# ट्रकको ठक्करबाट महिलाको मृत्यु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मनहरी-७, रमनटारमा मंगलबार दिउँसो २ बजेर ३५ मिनेटको समयमा ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार महिलाको मृत्यु भएको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी-७, रमनटारमा चितवनबाट हेटौँडातर्फ आउँदै गरेको ग ११ प ९६२८ नम्बरको मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको बा प्र ०३-००१ क ०८२७ नम्बरको खाली मिक्सर ट्रकले ठक्कर दिँदा मोटरसाइकलमा सवार बारा जिल्लाको कोल्वी नगरपालिका-५ की ३४ वर्षीया सरिता देव चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

दुर्घटनामा परी मोटरसाइकल चालक ३५ वर्षीय शिव कुमार चौधरी घाइते भएका छन् । शिवकुमारको स्वास्थ्य अवस्थामा मध्यम रहेको बताइएको छ । शिवकुमार मृतक सरिताका श्रीमान् भएको प्रहरीले उल्लेख गरेको छ । दुर्घटनामा परी मोटरसाइकलमा सवार शिवकुमार चौधरीका साडुभाई रौतहट जिल्लाका अजय चौधरीका छोरा ६ वर्षीय अन्श चौधरी घाइते भएका छन् । अन्शको दाहिने हातमा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । मकवानपुर प्रहरीले मिक्सर ट्रक र ट्रक चालक मनहरी-९, ज्यामिरेका ४९ वर्षीय धनबहादुर सुनार प्रहरीको नियन्त्रणमा रहेका छन् ।

# सभ्य र सुरक्षित तरिकाले होली खेल्न आग्रह

समाज संवाददाता

हेटौँडा : भोलि बिहीबार फागु पूर्णिमा अर्थात होली पर्व मनाइँदैछ । हिरण्यकश्यपुकी बहिनी होलिकाले बिष्णुका परम् भक्त हिरण्यकश्यपुका छोरा (प्रह्लाद) लाई मार्न अग्निमा आसन गर्दा होलिका आफैं जलेर नष्ट भएको र असत्यमाथि सत्यको जित भएको दिनको सम्झनामा होली पर्व मनाउने गरिन्छ । बिहीबार पहाडी क्षेत्रमा फागु पूर्णिमाको दिन होली मनाउँदैछ छ भने त्यसको भोलिपल्ट शुक्रबार तराईमा होली मनाउँदैछ ।

होलीमा पानी छ्याप्ने, अबिर, केशरी लगायत रङ लगाउने चलन छ । वर्तमान समयमा होलीले विभिन्न खालका विकृति, विसङ्गतिहरू निम्त्याएको छ । होलीमा युवाहरु इच्छा बिपरित रङ्ग दलिदिने, अण्डा फोड्ने, गाडीको मोबिल दल्ने, हिलो लगाइदिने, युवाहरु रक्सी, गाँजा, भांग खाएर मातिने जस्ता काम गर्छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले कुनै पनि व्यक्तिको इच्छा विपरीत फोहर पानी तथा लोला, मोविल केमिकल, प्रयोग नगर्न आग्रह गर्नुभएको छ । यस्तै मादक पदार्थ तथा लागू पदार्थ सेवन नगरी सभ्य र सुरक्षित तरिकाले होली मनाउन उहाँले आग्रह गर्नुभएको छ । मर्यादित र शिष्ट रुपमा आफन्त र चिनजानका साथीसँग मात्र होली खेल्न डिएसपी अर्यालले आग्रह गर्नुभएको हो । होली पर्वलाई मध्यनजर गर्दै प्रहरीले सुरक्षा व्यवस्था कडा बनाउने बताएको छ ।

हेटौँडा बजारमा भने होली पर्व नजिकिएसँगै पानी छ्याप्नेदेखि रंग, टिसर्ट र कुर्ता होलीका लागि बिक्रीमा राखिएको छ । तर बजारमा भने होलीका लागि किनमेल गर्ने सर्वसाधारण व्यक्तिको भिड देखिँदैन् । होलीको टिसर्ट ढेड सयदेखि २ सयसम्म र कुर्ता ४ सयदेखि ५ सयसम्ममा बिक्रीका लागि राखेका छन् ।

# थाहा र भीमफेदीमा ८ कक्षाको परीक्षा सुरु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मकवानपुरगढी गाउँपालिका र भीमफेदी गाउँपालिकाका विद्यालयमा सोमबारदेखि कक्षा-८ को वार्षिक परीक्षा सुरु भएको छ । यस्तै थाहा नगरपालिकामा मंगलबारबाट कक्षा-८ को वार्षिक परीक्षा सुरु भएको छ ।

थाहामा परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको परीक्षामा ६ सय ३३ विद्यार्थीमध्ये ६ सय २५ जना मात्र विद्यार्थी परीक्षा दिएका छन् । २५ वटा विद्यालयका सहभागी विद्यार्थीमध्ये ८ जना परीक्षामा अनुपस्थित भएको थाहा नगरपालिकाको शिक्षा शाखाका शिक्षा प्रमुख सूर्यबहादुर थिङले जानकारी दिनुभयो । यस्तै दोस्रो दिन बुधबार अनिवार्य विषयको परीक्षा हुने उहाँको भनाइ छ ।

यस्तै भीमफेदी गाउँपालिकामा सोमबारबाट कक्षा-८ को वार्षिक परीक्षा सुरु भएको छ । दिउँसो १ बजेदेखि ३ बजेसम्म सञ्चालन भइरहेको भीमफेदी गाउँपालिकाका शिक्षा शाखा प्रमुख चक्र साउदले जानकारी दिनुभयो । पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको छ । मंगलबार नेपाली विषयको परीक्षा भएको छ भने बुधबार सामाजिक विषयको परीक्षा हुनेछ । यस्तै, चैत्र १ गते विज्ञान, ३ गते गणित, ४ गते स्वास्थ्य र ५ गते स्थानीय विषयको परीक्षा हुनेछ । भीमफेदीका १४ वटा विद्यालयका २ सय ७९ विद्यार्थीले परीक्षाको आवेदन फारम भरेका थिए ।

हेटौंडा उपमहानगरपालिका, इन्द्रसरोवर गाउँपालिका, मनहरी गाउँपालिका, कैलाश गाउँपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकामा भने चैत्र ७ गतेबाट कक्षा-८ (आधारभूत तह) को वार्षिक परीक्षा सुरु हुनेछ । यस्तै, राक्सिराङ गाउँपालिकामा भने चैत ८ गतेबाट मात्र कक्षा-८ (आधारभूत तह) को वार्षिक परीक्षा सुरु हुने भएको छ ।

# बकैयामा वार्षिक परीक्षा सुरु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बकैया गाउँपालिकामा रहेका ७४ वटा विद्यालयमा मंगलबारबाट एकैसाथ वार्षिक परीक्षा सुरु भएको छ । कक्षा-१, २, ३, ४, ५, ६, ७ र ९ कक्षाको वार्षिक परीक्षा सुरु भएको बकैया गाउँपालिका शिक्षा शाखाका प्रमुख आइतराम तामाङले जानकारी दिनुभयो ।

विद्यालय आफैंले प्रश्नपत्र तयार गरेर परीक्षा लिएको उहाँले बताउनुभयो । पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा भएको छ । परीक्षा चैत ६ गतेसम्म सञ्चालन हुने प्रमुख तामाङले जानकारी दिनुभयो । कक्षा-८ को परीक्षा भने चैत ७ गतेबाट मात्र सुरु हुनेछ ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# गुप्तेश्वर क्षेत्र विकास कोषको साधारण सभा

समाज संवाददाता

हेटौंडा : हेटौँडा-१२, पदमपोखरीस्थित गुप्तेश्वर क्षेत्र विकास कोषको साधारण सभा सम्पन्न भएको छ । मंगलबार पदमपोखरीको बेलडाँडामा रहेको गुप्तेश्वर क्षेत्र मन्दिर परिसरमा गुप्तेश्वर क्षेत्र विकास कोषको दोस्रो वार्षिक साधारण सभा सम्पन्न भएको हो ।

गुप्तेश्वर क्षेत्र विकास समितिका अध्यक्ष महानन्द सापकोटाको सभाध्यक्षमा तथा हेटौँडा उपमहानगरपालिकाका नगर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा साधारण सभाको उद्घाटन कार्यक्रम भएको हो । अध्यक्ष सापकोटाले वर्षभरी गरेको कार्यको प्रतिवेदन वार्षिक साधारण सभाको मार्फत प्रस्तुत गर्नुभएको थियो । उहाँले आर्थिक कोषको विकास गर्ने उद्देश्यले भक्तहरुबाट सहयोग लिएर आवश्यक वस्तुको पहिचान गरेर मन्दिर व्यवस्थापन गर्दै आएको प्रतिवेदन प्रस्तुत गर्नुभएको छ । गुप्तेश्वर कोषको विकासका लागि गुप्तेश्वर सहकारीसँग समन्वय गरेर पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाइएको उहाँले बताउनुभयो । हेटौँडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा प्लाष्टिकको कुर्सी र डस्टबिन ल्याएको उहाँले प्रतिवेदन मार्फत जानकारी गराउनुभयो । वार्षिक साधारण सभाको उद्घाटन कार्यक्रममा हेटौंडा-१२ का वडाध्यक्ष अर्जुन प्रसाद तिवारी, मन्दिर संरक्षक दीपज्योति अर्याल लगायतको उपस्थिति रहेको थियो ।

# लागूऔषधसहित ३ युवा पक्राउ



लागूऔषधसहित पक्राउ परेका तीनजना युवा ।

समाज संवाददाता

हेटौंडा : लागूऔषधसहित हेटौँडा-१४ का ३ जना युवालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । सोमबार दिउँसो ४ बजेको समयमा हेटौँडा-१४, मयुरधापचोक नजिकै भित्री सडकमा २२ वर्षीय विकास तिमल्सिना, २६ वर्षीय कैलाश लामा र ३३ वर्षीय प्रकाश मगरलाई प्रहरीले लागूऔषध ट्रामाडोल १२० पिससहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

अस्थायी प्रहरी पोष्ट मयुरधापबाट खटिएको प्रहरी गस्ती टोलीले सूचनाको आधारमा उनीहरुको शरीर तलासी गर्दा लागूऔषध बरामद भएको प्रहरीको भनाइ छ । मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर हिरासतमै राखेर प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८१/११/२७ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक : कर्ण बहादुर राई (आफै)
जग्गावाला : काले दास राई भन्ने कर्ण बहादुर राई (आफै)

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. १ का निम्नानुसारका जग्गाहरु मरो नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा उक्त जग्गाहरु मैले नै साविक नापी हुन् पूर्वको समय देखि हाल सम्म पनि भोग चलन गर्दै आएको फिल्डबुकमा भएको काले दास राई र कर्ण बहादुर राई फरक-फरक नाम समेत मेरै नाम भएको तथा बाजेको नाम सरोस्ती र सोस्ती फरक-फरक नाम समेत एकै व्यक्ति मेरो बाजे नै भएकोले उल्लेखित जग्गाहरु मेरै नाममा छुट जगा दर्ता गरी पाउँ भनि बागमति गाउँपालिका २ नम्बर वडा कार्यालयको च.नं. ४१३ मिति २०८१/१०/०२ को भोगचलन समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार समेत संलग्न राखी यस कार्यालयमा द.नं. ०५२ मिति २०८१/०१/२३ मा माग छुट जग्गा दर्ता गरी पाउँ भनि माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तल उल्लेखित तपशिलका जग्गाहरु निवेदकको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, नामसारी गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकूल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | कर्ण बहादुर राई (काले दास राई ) गा.पं. फापरवारी वडा नं. १ बावु-धनपत बाजे सरोस्ती (सोस्ती) | फापरवारी | १ | २४५ १८८ २४६ | ०-६-१३ ०-४-१७ १-८-१६ | कर्ण बहादुर राई | जिल्ला मकवानपुर, १३३ नं. मौजे-रै नं. ४७ जग्गाधनि कर्ण बहादुर राई |

डढेलोबाट बचौं र बचाऔं ।

• सलाई र लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
• जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
• सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
• जन, धन र वनको संरक्षण गरौं,
सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ